प.लि.नं. १२७४-६७६८

नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त
सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
CDS and Clearing Limited

पत्र संख्या : २०७२/७३ – १0
चलानी नं. : ६६८

# अपि पावर कम्पनी लिमिटेड सहित ६ वटा कम्पनीसंग दर्ता सम्झौता

## प्रेस विज्ञप्ति

आज मिति २०७२/०९/२४ गतेका दिन धितोपत्र अभौतिकीकरणका लागि दर्ता गर्न आवेदन दिएको कम्पनी अपि पावर कम्पनी लिमिटेडसँग चुक्ता मुल्य रु.१००।- का दरले १,००,००,००० कित्ता साधारण शेयर अभौतिकीकरणका लागि दर्ता सम्झौता गरियो । त्यसै गरी राप्ति भेरी विकास बैंक लिमिटेडसँग चुक्ता मुल्य रु.१००।- का दरले १२,५०,१३४ कित्ता साधारण शेयर, कालिन्चोक डेभलपमेन्ट बैंक लिमिटेडसंग चुक्ता मुल्य रु.१००।- का दरले १०,००,००० कित्ता साधारण शेयर, रिलायबल डेभलपमेन्ट बैंक लिमिटेडसंग चुक्ता मुल्य रु.१००।- का दरले ७१,६८,९२६ कित्ता साधारण शेयर, युनिक फाइनान्स लिमिटेडसंग चुक्ता मुल्य रु.१००।- का दरले २२,३०,००० कित्ता साधारण शेयर र लक्ष्मी म्यूचुअल फण्ड अन्तर्गतको लक्ष्मी भ्यालु फण्डको डिपोजिटरी तथा व्यवस्थापक कम्पनी लक्ष्मी क्यापिटल लिमिटेडसंग चुक्ता मुल्य रु.१०।- का दरले ५,००,००,००० इकाई धितोपत्र अभौतिकीकरणका लागि दर्ता सम्झौता गरियो । अपि पावर कम्पनी लिमिटेड, राप्ति भेरी विकास बैंक लिमिटेड, कालिन्चोक डेभलपमेन्ट बैंक लिमिटेड, रिलायबल डेभलपमेन्ट बैंक लिमिटेड, युनिक फाइनान्स लिमिटेड र लक्ष्मी म्यूचुअल फण्ड अन्तर्गतको लक्ष्मी भ्यालु फण्डको डिपोजिटरी तथा व्यवस्थापक कम्पनी लक्ष्मी क्यापिटल लिमिटेडसंग सम्झौता गरेपश्चात् यस लि. मा धितोपत्र अभौतिकीकरणका लागि दर्ता गर्ने कम्पनीको संख्या १४५ (एक सय पैंतालीस) पुगेको छ ।

सम्झौतामा यस लि. का तर्फबाट प्रमुख कार्यकारी अधिकृत देव प्रकाश गुप्ता र धितोपत्र अभौतिकीकरणका लागि दर्ता गर्ने कम्पनी अपि पावर कम्पनी लिमिटेडको तर्फबाट प्रबन्ध संचालक संजिव न्यौपाने, राप्ति भेरी विकास बैंक लिमिटेडबाट प्रमुख कार्यकारी अधिकृत सन्तोष कुमार राई, कालिन्चोक डेभलपमेन्ट बैंक लिमिटेडका तर्फबाट प्रमुख कार्यकारी अधिकृत अशोक सिवाकोटी, रिलायबल डेभलपमेन्ट बैंक लिमिटेडका तर्फबाट कम्पनी सचिव दिपेश बाबु तिवारी, युनिक फाइनान्स लिमिटेडका तर्फबाट प्रमुख कार्यकारी अधिकृत राज मोहन कर्माचार्य र लक्ष्मी म्यूचुअल फण्ड अन्तर्गतको लक्ष्मी भ्यालु फण्डको डिपोजिटरी तथा व्यवस्थापक कम्पनी लक्ष्मी क्यापिटल लिमिटेडको तर्फबाट प्रमुख कार्यकारी अधिकृत राजिव सापकोटाले हस्ताक्षर गर्नु भयो ।

मिति : २०७२/०९/२४

सिंहदरबार प्लाजा, काठमाडौं, नेपाल ।
Singhdurbar Plaza, Kathmandu, Nepal.
Tel.: 977-1-4250596
Website: www.cdscnp.com